खेलेजस्तो अनुभव भएको छ।' मिलरले आफूहरूलाई जहिल्यै ढोका खुला छ भन्ने गरेको पनि नन्दनले सुनाए।

पाँच चौका निस्केथ्यो। आवश्यक रनरेट र लगातार विकेटले कर्णाली लक्ष्यसम्म पुग्न सकेन। अरिफुल

TRUSTED WATER
SINCE 1992

चितवन तेस्रो स्थानमा, पोखराको चौथो हार

काठमाडौं, कात्तिक २० (नागरिक)- तीव्र गतिका बलर रिजन ढकाल र कमलसिंह ऐरीको संयुक्त सात विकेट प्रेरणामा चितवन राइनोज नेपाल प्रिमियर लिग (एनपिएल) मा दोस्रो जितसँगै तेस्रो स्थानमा उक्लिएको छ।

पुछारका दुई टोली बीचको भिडन्तमा चितवनले शुक्रबार पोखरा एभेन्जर्समाथि ३० रनको जित रच्यो। चितवन दोस्रो जितसँगै तेस्रो स्थानमा उक्लिदै प्लेअफ होडमा देखिएको छ। पोखराको भने लगातार चौथो हारपछि प्लेअफ यात्रा कठिन भएको छ। लिगमा तीन खेल बाँकी छँदा पोखराको अंक गणीतिय सम्भावना मात्र बाँकी छ। नियमित कप्तान कुशल भुर्तेलको स्थानमा चमिका करुनारत्नेलाई जिम्मेवारी दिए पनि पोखराले जित्न सकेन। मध्यम गतिका युवा बलर रिजन र कमलसिंहले संयुक्त सात विकेट लिँदै अन्तिम ओभर बाँकी छँदा नै जित दिलाए। रिजनले चार र कमलले तीन विकेट लिए। रिजन म्यान अफ दी म्याच पनि भए। त्रिवि क्रिकेट स्टेडियममा चितवनले १५२ रनको मध्यम लक्ष्य दियो। तर, पोखरा १९औं ओभरमा १२१ रनमै अलआउट भयो।

तेस्रो नम्बरमा आएका युवा ब्याटर अर्जुन कुमाल ४५ रन बनाए। अर्जुनले ४४ बलमा तीन चौका र एक छक्का प्रहार गरे। यसबाहेक अन्य ब्याटर चल्न नसक्दा पोखराको हारको शृंखला रोकिएन। चितवनका बलर मौसम, माउस्ले र कुशल मल्लले समान एक विकेट लिए। टस हारेर पहिले ब्याटिङ गरेको चितवनले ६ विकेटको क्षतिमा १५१ रनको मध्यम योगफल बनायो। पहिलो र पाँचौं विकेटका समान ६० रनको अर्धशतकीय साझेदारीपछि चितवनले मध्यम योगफल बनाएको हो। ओपनरद्वय अर्जुन साउद र डेविड मालनले ६० रनको अर्धशतकीय साझेदारी गर्दै राम्रो सुरुआत दिलाए। पाँचौं विकेटका लागि कप्तान सिकन्दर राजाले बोपारासँग ६० रनको साझेदारी गर्दै इनिङ उकासे।

श्रृजनशील लघुवित्त वित्तीय संस्था लि.

SHRIJANSHI LAGHUBITTA BITTIYA SANSTHA Ltd.

नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "घ" वर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय: गोलबजार न.पा. ७ चोहर्वा, सिराहा

सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०७/२१ गते

आदरणीय शेयरधनी महानुभावज्यूहरु,

श्रृजनशील लघुवित्त वित्तिय संस्था लि. को संचालक समितिको मिति २०८३ साल कार्तिक १९ गते बसेको १४६ औं बैठकको निर्णय बमोजिम यस वित्तीय संस्थाको ७औं वार्षिक साधारण सभा देहायका प्रस्तावहरु माथि छलफल तथा निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा बस्ने भएको हुदाँ कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि अनुरोध छ।

साधारण सभा हुने मिति, समय र स्थान:

सभा हुने मितिः २०८३ साल मंसीर १२ गते शनिबार (तदनुसार नोभेम्बर २८, २०२६)

सभा हुने समयः विहान ११:०० बजे देखि।

सभा हुने स्थानः श्रृजना सामुदायिक सेवा समितिको भवन, गोलबजार ७, चोहर्वा (सिराहा)

साधारण सभामा छलफलका विषयहरु:

साधारण वा सामान्य प्रस्तावहरु:

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब, सोहि अवधिको नगद प्रवाह विवरण एवम् सो सँग सम्बन्धित अनुसूचीहरु पारित गर्ने सम्बन्धमा।
३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा ११ अनुसार वित्तीय संस्थाको आ.व. ०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४. वित्तीय संस्थामा रिक्त रहेको सञ्चालक सदस्य पदमा संस्थापक तथा सर्वसाधारण शेयरधनीको तर्फबाट निर्वाचन/मनोनयन गर्ने सम्बधमा।

विशेष प्रस्तावहरु:

१. नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायत अन्य नियमनकारी निकायबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन गर्न वा फेरवदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताविक संशोधन गर्न सञ्चालक समितिलाई पुर्ण अख्तियारी दिने सम्बन्धमा।
२. कुनै पनि लघुवित्त वित्तीय संस्थासँग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) हुने प्रयोजनको लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्ने, सहमति पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पति तथा दायित्वको मुल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मुल्याङ्कनकर्ता, लेखापरीक्षक तथा निजको पारिश्रमिक निर्धारण गर्न, अन्य वित्तीय संस्थाहरुको शाखाहरु खरिद तथा प्राप्ती गर्ने लगायतका कार्यहरुसँग सम्बन्धित आवश्यक कार्यहरु गर्नको लागि सञ्चालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
३. वित्तीय संस्थाको संशोधित नीति नियमावली तथा नयाँ कार्यविधिहरु पारित गर्ने सम्बन्धमा।
४. विविध।

वार्षिक साधारण सभा सम्बन्धी थप अन्य जानकारीहरु:

१. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरुले आ-आफ्नो परिचय खुल्ने कुनै पनि परिचय पत्र अनिवार्य लिई आउनु पर्नेछ।
२. हाजिरी पुस्तिका विहान ७ बजे देखि साधारण सभा सम्पन्न नभएसम्म खुल्ला रहने छ।
३. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धि निवेदन साधारण सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै विहान १० बजे भित्र यस संस्थाको केन्द्रिय कार्यालय गोलबजार न.पा. ७, सिराहा चोहर्वामा दर्ता गराई सक्नु पर्ने छ।
४. साधारण सभा सम्बन्धी जानकारी वित्तीय संस्थाको वेबसाइट www.shrijanshil.org बाट लिन सकिनेछ।
५. साधारण सभा सम्बन्धी काम कारवाही कम्पनी ऐन, २०६३, नियमावली तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

दृष्टव्य:

यस सातौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८३/०८/०१ गते एक दिन यस वित्तीय संस्थाको शेयर दाखिला खारेज बन्द रहने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८३/०७/३० गते सम्म कारोवार भई प्रचलित कानुन बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री लक्ष्मी सनराईज क्यापिटल लि. कमलपोखरी, काठमाडौंमा रहेको शेयरधनी दर्ता किताबमा कायम शेयरधनी सो सभामा भाग लिन योग्य हुनुहुनेछ।

नागरिक दैनिक

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५